STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १३५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ १५ गते शनिबार ❑ 29 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## उत्पादकको मूल्यअनुसार जिडिपी ४२ खर्ब ६६ अर्ब पुग्ने अनुमान

**रासस**
**काठमाडौं, १४ जेठ**

मुलुकको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) रु ४२ खर्ब ६६ अर्ब ३२ करोड पुग्ने भएको छ । अर्थ मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको आर्थिक सर्वेक्षणअनुसार उत्पादकको मूल्यअनुसार कूल गार्हस्थ्य उत्पादन उक्त परिमाणमा पुग्ने अनुमान गरिएको छ।

कोभिड महामारीका कारण आर्थिक वर्ष २०७६/७७ मा आर्थिक गतिविधिमा सङ्कुचन आएको भए पनि चालु आर्थिक वर्ष २०७७/७८ का प्रमुख आर्थिक परिसूचकहरु सन्तोषजनक रहेका छन् । यद्यपि पछिल्लो एक महिनाभन्दा बढी समयदेखि कोरोनाको दोस्रो लहर आएका कारण अर्थतन्त्र थप संकुचित हुने अवस्था देखिएको छ । आव २०७६/७७ मा कोभिड-१९ का कारणले नेपालको अर्थतन्त्र प्रभावित हुन गई आर्थिक वृद्धिदर पछिल्लो दुई दशकमै पहिलोपटक २.१२ प्रतिशतले ऋणात्मक रहेको थियो। मन्त्रालयका अनुसार चालु आर्थिक वर्षमा आर्थिक गतिविधिमा सुधार आएकाले स्वास्थ्य संकटको अवस्थामा सुधार आई आर्थिक वृद्धिदर ४.०१ प्रतिशत रहने अनुमान गरिएको थियो । कोरोनाको दोस्रो लहरका कारण उक्त प्रक्षेपणसमेत पूरा नहुने अवस्थामा पुगेको छ। आव २०७६/७७ मा कर्णाली र सुदूरपश्चिम प्रदेशबाहेक सबै प्रदेशको आर्थिक वृद्धिदर ऋणात्मक रहेकामा चालु आर्थिक वर्ष २०७७/७८ मा सबै प्रदेशको आर्थिक वृद्धिदर ३.५ प्रतिशतभन्दा उच्च रहने अनुमान गरिएको चालु आर्थिक वर्षको तेस्रो चौमासिकबाट तीव्र गतिले फैलिइरहेको कोभिड-१९ को दोस्रो लहरका कारण अनुमानित आर्थिक वृद्धिदर हासिल गर्न चुनौतीपूर्ण हुनसक्ने अर्थ मन्त्रालयले उल्लेख गरेको छ । चालु आर्थिक वर्षमा कृषि, उद्योग र सेवा क्षेत्रको कूल मूल्य अभिवृद्धि क्रमशः २.६ प्रतिशत, ५.० प्रतिशत र ४.४ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ। यस्तै चालु आर्थिक वर्षको कूल मूल्य अभिवृद्धिमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २५.८ प्रतिशत, १३.१ प्रतिशत र ६१.१ प्रतिशत रहने अनुमान अर्थ मन्त्रालयले गरेको छ।

आव २०७६/७७ मा कूल लगानी ३०.४ प्रतिशतले संकुचन भएकामा चालु आवमा १८.१ प्रतिशतले वृद्धि भई रु १३ खर्ब १२ अर्ब ७१ करोड पुग्ने अनुमान छ। चालु आर्थिक वर्षमा प्रतिव्यक्ति कूल गार्हस्थ्य उत्पादन( प्रचलित मूल्यमा) मा ५.८ प्रतिशतले वृद्धि भई अमेरिकी डलर एक हजार १९१ पुगेको अनुमान छ । प्रतिव्यक्ति कूल राष्ट्रिय खर्चयोग्य आम्दानी (प्रचलित मूल्यमा) ४.५ प्रतिशतले वृद्धि भई अमेरिकी डलर एक हजार ४८६ पुगेको अनुमान मन्त्रालयको छ।

चालु आर्थिक वर्षको फागुन मसान्तसम्म औसत उपभोक्ता मुद्रास्फीति ३.५ प्रतिशत रहेको छ । यो अघिल्लो वर्षको सोही अवधिमा ६.५ प्रतिशत थियो । सार्वजनिक खर्च व्यवस्थापनमा गरिएका सुधारबाट अपेक्षित नतिजा हासिल भएको मन्त्रालयको विवरणमा उल्लेख छ।

यस अवधिमा सरकारबाट वित्तीय व्यवस्थापनका लागि चालिएका कदमहरुबाट वित्तीय अनुशासनको अवस्था सुदृढ हुँदै गएको छ। चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय सरकारको बजेट घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६५.५ प्रतिशतले सुधार भई रु २९ अर्ब १६ करोड रहेको छ। आव २०७६/७७ मा सङ्घीय सरकारको बजेट घाटा कूल गार्हस्थ्य उत्पादनको ८.१ प्रतिशत रहेको थियो।

यस अवधिमा सार्वजनिक ऋण र आन्तरिक ऋण परिचालन तथा उपयोग क्षमतामा अभिवृद्धि भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म रु एक खर्ब १२ अर्ब ५२ करोड बराबरको आन्तरिक ऋण परिचालन भएको छ।

चालु आवको फागुनसम्म रु सात अर्ब ४८ करोड अनुदान र रु ८५ अर्ब दुई करोड ऋण गरी जम्मा रु ९२ अर्ब ५० करोड अन्तर्राष्ट्रिय विकास सहायता परिचालन भएको छ। त्यसैगरी यस अवधिमा ऋणतर्फ रु ५० अर्ब ३८ करोड र अनुदानतर्फ रु नौ अर्ब ७१ करोड गरी जम्मा रु ६० अर्ब नौ करोड अन्तर्राष्ट्रिय विकास सहायता उपयोग भएको छ। गत फागुन मसान्तसम्म ७५० स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगी वित्तीय पहुँच विस्तार भएको छ। अब मात्रै तीन

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अक्सिजन अभावले सुत्केरी सहित ७ को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ जेठ**

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा विहिबार प्रयाप्त मात्रामा अक्सिजन ग्याँस आपुर्ति नहुँदा अक्सिजन सहित अन्य कारणले गर्दा एक सुत्केरी सहित ७ जनाको मृत्यु भएको छ।

प्रतिष्ठानमा विहिबार एकाएक हाई फ्लो प्रयोग गर्ने ९ जना कोरोनाका बिरामीहरु भएकोले माग अनुसारको अक्सिजन प्राप्त गर्न नसक्दा अक्सिजन सहित अन्य कारणले गर्दा अस्पतालमा एकै रातमा एक सुत्केरी सहित ७ जनाको मृत्यु भएको अस्पताल श्रोतले जनाएको छ । २५ बर्षकी सुत्केरी महिलाको शल्यकृयाबाट शिशुको जन्म भए पश्चात अक्सिजन लगाउनु पर्ने अबस्थामा आएकोमा अक्सिजन लगायर उपचार हुदा हुदै राति अक्सिजन नियमति दिन नसक्दा मृत्यु भएको मृतकका श्रीमानले बताए । बजारमा अक्सिजन ग्याँस अभाव भएको सूचना टाँसेको अस्पताको धेरै लापरावहीले गर्दा आफ्नी श्रीमतीको ज्यान गुमेको उनको दाबी छ। उनले भने "पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा धेरै सुधार गर्नु पर्छ, १५/२० जना बिरामी भएको अबस्थामा एक दुई जना स्टाफ नर्स बस्नुहुन्छ, राती सवै बत्ति निभाएर बसे पछि गम्भिर भएका बिरामीको अक्सिजन नियमित भएको छ छैन कसरी त्यसको निगरानी हुन्छ।"

विहीबार रातिदेखि पछिल्लो केही घण्टामा प्रतिष्ठानमा अक्सिजन सहित अन्य कारणले गर्दा सुत्केरी सहित ७ जनाको मृत्यु भएको श्रोतको भनाई छ। मृत्यु हुनेमा ७० बर्ष, २९ बर्ष, ८४ बर्ष, ६२ बर्ष ७७ बर्षकी महिला रहेका छन भने ५३ बर्ष र ४८ बर्षका पुरुष रहेका छन् । प्रतिष्ठानमै विहीबार दिउँसो एक जनाको कोरोनाको कारण मृत्यु भएको थियो।

विहिबारदेखि हाई फ्लोका बिरामी करिब दोब्बरले बृद्धि भएसंगै अक्सिजनको व्याबस्थापन गर्न नसकेर र अन्य कारणले गर्दा एकै रातमा ७ जनाको ज्यान गएको हुन सक्ने उपचारमा संलग्न डा. डेडिव श्रेष्ठले बताए। उनका अनुसार अन्य दिनमा दैनिक ४/५ जना हाई फ्लोका बिरामी हुने गरे पनि विहिबार ९/१० जनालाई हाईफ्लो अक्सिजन दिनुपर्ने अबस्था भएको र पोखरा अक्सिजन कम्पनीबाट नियमित आउने अक्सिजन आएकोले गर्दा समस्या भएको उनको भनाई छ।

पोखरा अक्सिजन कम्पनीले विहिबार करिब १० देखि १५ मिनेत बिद्युत आपुर्ति बन्द हुदा मेसिन संचालनमा २० देखि २५ मिनेट अबरुद्ध हुदा करिब १७/१८ सिलिण्डर ग्याँस उत्पादनमा कमी भएको कम्पनीका म्यानेजर दीपक भण्डारीले बताए। कम्पनीले विहिबार प्रतिष्ठामा २ सय ७० वटा अक्सिजन सिलिण्डर दिएको कम्पनीको दाबी छ। आफुहरुले प्रतिष्ठान र प्रदेशको सरुवा रोग अस्पताललाई पहिलो प्रथामिकतामा अक्सिजन दिने गरेको बताए । कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले सामुदायिक अस्पतालमा एकै दिनमा सुत्केरी सहित ७ जनाको मृत्युको घटनाले आफुहरु निकै गम्भिर भएको बताए । अक्सिजन सहित के के कारणले गर्दा मृत्यु भएको त्यसको बारेमा सोधपुछ गरेर आगामी दिनमा सुधार गर्ने उनले जनाए । उपचार गर्नुपर्ने अबस्था आएकोमा अक्सिजन लगाए पनि नियमितउन नपायर आफ्नी श्रीमतीको मृत्यु भएको मृतका श्रीमानले गुनासो गरे । अस्पतालले अक्सिजन छैन भने पनि आफुहरु अक्सिजन ग्याँस खोजि गर्न कम्पनीमा पुगे पनि राति अस्पतालमा फर्किदा आफ्नी श्रीमतीले अक्सिजनको अभावनमा मृत्यु भएको उनको दाबी छ।

प्रतिष्ठानमा दैनिक ३ सय ५० वटा अक्सिजन ग्याँस सिलिण्डर आपुर्ति हुने भए पनि पछिल्लो केही दिन देखि हाई फ्लोका बिरामी बढेर अक्सिजनको माग बढी भएको प्रतिष्ठानका विमल बरालले बताए। गण्डकी प्रदेशको राजधानी पोखरामा गम्भिर प्रकारका बिरामीको उपचार गर्नुपर्ने भएकोले अक्सिजन सिलिण्डरहरु थप एकिकृत पार्नुपर्ने उनले बताए । प्रतिष्ठानका कोभिड उपचार केन्द्रका संयोजक शरदचन्द्र बरालले विहीबार दिउसै देखि अक्सिजन ग्याँस अभाव भएको विभिन्न निकायमा जानकारी गराएका थिए।

## होटेल र समग्र पर्यटन क्षेत्रको पुनरुत्थानलाई समेट्न माग

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ जेठ**

पश्चिमाञ्चल होटेल सङ्घ पोखराले आगामी आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम र बजेटमा होटेल तथा समग्र पर्यटन क्षेत्रलाई दृष्टिगत गर्दै राहत तथा पुनरुत्थानका कार्यक्रम ल्याउन सरकारसँग माग गरेको छ।

सङ्घका अध्यक्ष विकल तुलाचनले आज विज्ञप्ति जारी गर्दै कोभिड-१९ का कारण अहिले सबैभन्दा बढी प्रभावित पर्यटन क्षेत्र नै हुन पुगेको भन्दै यस क्षेत्रको उत्थानका लागि विशेष कार्यक्रम ल्याउन ध्यानाकर्षण गराउनुभएको हो । गत वर्ष सरकारद्वारा घोषित राहतका कार्यक्रम समयमा नै व्यवसायीले प्राप्त गर्न नसकेको जनाउँदै विज्ञप्तिमा कोभिड सङ्क्रमणको दोस्रो चरणसम्म आइपुग्दा करीब २० प्रतिशत व्यवसायी र ६० प्रतिशत कर्मचारी विस्थापित भएको अनुमान उल्लेख गरिएको छ । पर्यटन व्यवसायमा भएको लगानी र रोजगारी संरक्षण गर्न मूल्य अभिवृद्धि कर, आयकर तथा अन्य करमा छुट तथा सहुलियतको व्यवस्था र जरिवाना तथा हर्जाना पूर्णतः मिनाहा गर्न सङ्घले माग गरेको हो।

यसैगरी व्यवसाय सञ्चालनमा नगद प्रवाह कायम राख्न होटेलले खरीद गर्दा करकट्टी गरेको र मिलान गरेर बाँकी रहेको मूल्य अभिवृद्धि कर रकम सुलभ तरिकाले फिर्ता पाउने व्यवस्था गर्नसमेत माग गरिएको छ। त्यस्तै स्थानीय सरकारले सम्पत्ति कर तथा व्यवसाय करमा छुट तथा सहुलियत प्रदान गर्नुपर्ने विज्ञप्तिमा भनिएको छ । होटेलहरूको लगानीको आकार हेरी पुनर्कजाको सीमा रु २० करोडबाट बढाई दायरा फराकिलो पारिनुपनाका साथै अति प्रभावित होटेल उद्योगका लागि छुट्टै रोजगार संरक्षण कोष र पर्यटन विकास (होटेल) कोषको व्यवस्था हुनुपर्ने माग सङ्घको छ। विज्ञप्तिमा कोभिडका कारण अति प्रभावित व्यवसायका रूपमा होटेल क्षेत्र रहेकामा यस क्षेत्रलाई प्रदान गरिने तीन प्रतिशत ब्याजदरको विशेष पुनर्कर्जा आगामी दुई वर्षसम्मका लागि निरन्तरता दिइनुपर्ने साथै विशेष पुनर्कर्जाको सीमा रु पाँच करोडदेखि १० करोडसम्म पुऱ्याउनुपर्ने माग पनि गरिएको छ । होटेल व्यवसायलाई जीवितै राख्न सञ्चालन खर्चका लागि पाँच प्रतिशत ब्याजमा सहज रूपमा कर्जा उपलब्ध हुनुपर्ने, अन्य सहुलियत कर्जा उपभोग गर्ने ऋणीलाई पनि यो व्यवस्था लागू हुनुपर्ने र विभिन्न शीर्षकमा लिइएको कर्जाको ब्याज दुई वर्षसम्मका लागि स्थगन गरी विना ब्याजमा पूँजीकरण गरिनुपर्ने बुँदा पनि विज्ञप्तिमा उल्लेख छ। चालु मौद्रिक नीतिमा उठाइएका सहुलियतलाई निरन्तरता दिइनुपर्ने, उद्योगलाई उपलब्ध गराइएको विद्युत् डिमान्ड शुल्कको व्यवस्था कार्यान्वयन हुनुपर्ने, दुई वर्षसम्मका लागि यस्तो डिमान्ड शुल्क शत् प्रतिशत छुट हुनुपर्ने र विद्युत् महसुलमा दुई वर्षसम्म ५० प्रतिशत छुट हुनुपर्ने पनि सङ्घको माग छ।

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## ६९५१ जना संक्रमित थपिए, ९६ को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ जेठ**

नेपालमा लगातार तेस्रो दिन नयाँ संक्रमित भन्दा निको हुनेको संख्या बढी रहेको छ। पछिल्लो २४ घण्टामा देशमा ६ हजार ९५१ जना संक्रमित थपिएका छन्। २० हजार ११० जनाको परीक्षण गर्दा पीसीआर विधिबाट ६९५५ र एन्टिजेन विधिबाट ९६ जनामा संक्रमण पुष्टि भएको हो।

योसँगै नेपालमा कूल संक्रमितको संख्या ५ लाख ४९ हजार १११ पुगेको छ। हाल सक्रिय संक्रमितको संख्या १ लाख १३ हजार ३९४ रहेको छ। यही अवधिमा थप ९ हजार ८४१ जना निको भएका छन् । हालसम्म संक्रमितमध्ये ४ लाख २८ हजार ६७० जना निको भइसकेका छन्। नेपालमा निको हुने दर ७८.१ प्रतिशत रहेको छ। त्यस्तै, थप ९६ जनाले ज्यान गुमाएका छन्। योसँगै कोरोनाबाट ज्यान गुमाउनेको संख्या ७ हजार ४७ पुगेको छ।

## अक्सिजनको अभावमा बिरामी मार्न पाइदैन - कास्की काँग्रेस

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ जेठ**

नेपाली काँग्रेस कास्कीले विभिन्न तीन विषयमा आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

अक्सिजनको अभावमा बिरामीको मृत्यु भएको, स्वास्थ्यकर्मीप्रति आक्रमण भएको र कोरोना संक्रमित बाहेक अन्य बिरामीलाई अलपत्र पारिएकोप्रति ध्यानाकर्षण भएको जनाएको छ।

कास्की काँग्रेसका सभापति कृष्ण केसीले शुक्रबार विज्ञप्ति प्रकाशित गरी तीन विषयमा पार्टीको गम्भीर ध्यानाकर्षण भएको जनाउनु भएको छ । विज्ञप्तिमा पोखराको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा अक्सिजनको अभावमा ६ जनाको मृत्यु भएको, भेरी अस्पतालमा सरकारकै मिलेमतोमा स्वास्थ्यकर्मीमाथि आक्रमण भएको र बिना योजना पोखराका स्वास्थ्य विज्ञान प्रतिष्ठान पश्चिमाञ्चल क्षेत्रीय अस्पताललाई कोभिड अस्पताल बनाएर अन्य बिरामीलाई उपचारबाट बञ्चित गरिएको भन्दै पार्टीको ध्यानाकर्षण भएको जनाइएको छ।

'अक्सिजनको अभावमा बिरामी मार्न पाईदैन, यो सरकार र अस्पताल प्रशासनको गम्भीर लापरवाही हो, विज्ञप्तिमा भनिएको छ, बिरामीको स्वास्थ्य उपचारमा भएको लापरवाहीप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।' विज्ञप्तिमा जोखिमको अवस्थामा अग्रपंक्तिमा रहेर काम गरिरहेको अवस्थामा भेरी अस्पतालमा सरकारकै संलग्नतामा स्वास्थ्यकर्मी माथि आक्रमण भएको भन्दै त्यसको निन्दा गरिएको छ।

पोखराको पश्चिमाञ्चल क्षेत्रीय अस्पताललाई कोभिड अस्पताल नबनाएर अन्य बिकल्प तयार गर्न कास्की काँग्रेसले पटकपटक गरेको आग्रहप्रति सरकारले बेवास्ता गरेको भन्दै आपत्ती जनाएको छ । सरकारसँग धेरै बिकल्प हुँदाहुदै कोभिड बाहेकका अन्य बिरामीको सहज उपचारको पहुँचमा रहेको क्षेत्रीय अस्पताललाई कोभिड अस्पताल बनाएपछि अन्य बिरामी उपचारका लागि कता जाने प्रश्न गर्दै विज्ञप्तिमा भनिएको छ, सरकार गैरजिम्मेबार बनेकाले अन्य बिरामी अलपत्र पर्ने अवस्था सृजना भएकोमा गम्भीर ध्यानाकर्षण भएको छ।

## गणतन्त्र दिवस मनाउने सम्बन्धी अनुरोध

२०७८ सालको गणतन्त्र दिवस यही जेठ महिनाको १४, १५ र १६ गते निर्धारित स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई भव्यताका साथ मनाउन आ-आफ्ना घरटोल र महत्वपूर्ण सार्वजनिक स्थलहरुको सरसफाई गर्न र साँझ कार्यालय, मण्डला, दरवार स्क्वायर जस्ता धार्मिक तथा सांस्कृतिक स्थलहरु एवम् घर घरमा दीप प्रज्ज्वलन तथा दिपावली गर्न प्रदेशवासी आमनागरिकहरुलाई अनुरोध छ।

**अनुरोधक**
**प्रदेश सरकार**
**कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्रालय**
**गण्डकी प्रदेश, पोखरा**




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# अक्सिजनको अभावमा मृत्यु भएकोमा सांसद बरालको गम्भिर ध्यानआकर्षण

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ जेठ**

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रिय अस्पताल) मा अक्सिजनको अभावनमा सुत्केरी सहित ७ जनाको मृत्यु भएको घटना प्रति गण्डकी प्रदेशका सांसद रामजी प्रसाद बराल (जीवन) ले गम्भिर ध्यानआकर्षण गराएका छन् ।

मानव स्वाथ्यको लागि अति आवश्यक पर्ने अक्सिजन उपयुक्त ढंगले प्रतिष्ठानले व्यबस्थापन गर्न नसक्दा एकै रातमा सुत्केरी सहित ७ जना बिरामीको मुत्यु भएको घटना प्रति आफ्नो गम्भिर ध्यानआकर्षण भएको सांसद बरालले ध्यानआकर्षण भएको जनाएका छन् । सामुदायिक अस्पतालमा व्यबस्थापनको कमजोरीका कारण उक्त घटना भएकोमा दुःख समेत व्यक्त गर्दै सांसद बरालले आगामी दिनमा स्वास्थ्य जस्तो सम्बेदनशिल बिषयमा अस्पताल प्रशासनलाई गम्भिर हुन उनले शुक्रबार जारी गरेको ध्यानआकर्षण वक्तव्यमा उल्लेख गरेका छन् ।

केही दिन अघि गण्डकी प्रदेशको राजधानि पोखरामा प्रदेशको सामाजिक विकास मन्त्रालयले आयोजना गरेको सवैदलिय बैठकमा गण्डकी प्रदेशमै भेन्टिलेटर, अक्सिजन, सहित आईसियू वेडको कुनै अभाव नहुने भनेर बिफ्रिङ गराए पनि विहिबार राति अक्सिजन अभावले गर्दा तनहुँ, पर्वत, म्याग्दी लगायतका जिल्लाका बिरामीले ज्यान गुमाउनु पर्ने अबस्था आएकोले त्यसको सम्पूर्ण जिम्मा सरोकारवालाहरुले लिनुपर्ने सांसद बरालको भनाई रहेको छ ।

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त बैठकमा भने बमोजिमको काम व्यवहारमा नभएको सांसद बरालको दाबी रहेको छ । प्रतिष्ठान, प्रदेश सरकार, गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालय समेत स्वास्थ्य जस्तो बिषयमा गम्भिर हुदै भोलिका दिनमा यस्ता घटना पुनः नदोहोऱ्याउन सांसद बरालले गम्भिर ध्यानाआकर्ष गराएका छन् ।

# खोपसहित पर्यटनमैत्री नीति समेटेर कार्यक्रम ल्याउन माग

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ जेठ**

पोखरा पर्यटन परिषद्ले आर्थिक वर्ष २०७८/७९ नीति तथा कार्यक्रममा कोभिड-१९ विरुद्धको खोप सम्पूर्णलाई उपलब्ध गराउन र पर्यटन मैत्री नीतिलाई विशेष प्राथमिकता दिएर कार्यक्रम ल्याउन प्रदेश सरकारसमक्ष माग गरेको छ ।

परिषद्का अध्यक्ष गोपी भट्टराईले एक विज्ञप्ति जारी गदै 'नो भ्याक्सिन नो टुरिज्म' भएकाले नेपाललाई अन्तरराष्ट्रियजगत् मा सुरक्षित गन्तव्यका रूपमा सकारात्मक सन्देश दिन पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखेर खोप व्यवस्था गर्नुपर्ने उल्लेख गर्नुभएको छ ।

कोरोना महारमारीले लामो समयदेखि मानिसको स्वास्थ्य र दिनचर्या निकै प्रभावित भएको जनाउँदै सम्पूर्णलाई खोप लगाउने व्यवस्थाका साथै पर्यटन क्षेत्रका सम्पूर्ण व्यवसायी, कर्मचारी र आबद्ध मजदूरलाई तत्काल सम्बोधन हुने गरी राहत प्याकेज कार्यक्रमलाई समेट्न आग्रह गरिएको छ ।

विज्ञप्तिमा पहिलो र दोस्रो चरणको कोरोना महामारीले पर्यटन क्षेत्रलाई तत्काल र दीर्घकालीन रूपमा असर गरेकाले तत्काल यस क्षेत्रका समस्यालाई सम्बोधन नगरे व्यवसायी पलायन हुँदै जाने बताइएको छ । हाल ३० प्रतिशतभन्दा बढी व्यवसायी यस क्षेत्रबाट पलायन भइरहेका स्मरण गराउँदै देशको अर्थतन्त्रसँग प्रत्यक्ष जोडिएको पर्यटन क्षेत्रलाई जोगाउन सरकारले विशेष नीति ल्याएर लगानी संरक्षण गर्नुपर्नेमा जोड दिइएको छ ।

पर्यटन क्षेत्र ठप्प हुँदा यस क्षेत्रसँग सम्बद्ध मजदूरको अवस्था समेत कष्टकर बन्दै गइरहेकाले सरकारको राहत प्याकेजमा मजदूरलाई पनि समेट्ने गरी कार्यक्रम ल्याउन आग्रह गरिएको छ । विज्ञप्तिमा भनिएको छ, "पर्यटन व्यवसाय ठप्प भएको र यसको प्रभाव पर्यटनमा अझ बढी लामो समयसम्म रहने हुनाले सम्पूर्ण पर्यटन व्यवसायीलगायत विभिन्न क्षेत्रमा बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको किस्ता तथा ब्याज आगामी दुई वर्षसम्म तिर्न सक्ने कुनै सम्भावना नरहेकाले तसर्थ बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएर व्यवसाय सञ्चालन गरेका व्यवसायीहरूलाई कर्जाको भुक्तानी तालिकालाई पुनर्तालिकीकरण गर्नुपर्छ ।"

मौद्रिक नीतिमा आगामी आवमा पर्यटनलाई प्राथमिकता प्राप्त क्षेत्रका रूपमा सम्बोधन गरी हरेक बैंकले बढीमा पाँच प्रतिशत ऋण सहुलियत ब्याजदरमा पर्यटन उद्योगमा अनिवार्य लगानी गर्ने गरी व्यवस्था मिलाउनका लागिसमेत अनुरोध गरिएको छ ।

# चामेका ३६ घर जोखिममा: बस्ती डुबानमा

**पोखरापत्र संवाददाता**
**मनाङ, १४ जेठ**

निरन्तरको वर्षाका कारण चामे गाउँपालिका-३ नयाँ बजारको बस्तीमा बाढी पसेको छ ।

निरन्तर ५२ घण्टा पानी परेपछि नयाँ बजारको बीचको घट्टेखोलामा बाढी आउँदा ३६ घर जोखिममा परेको छ । खोलामा आएको बाढी नयाँ बजारको बस्तीमा पसेको छ । पश्चिम बंगालखाडीमा विकसित जलवायुको प्रभाव र शक्तिशाली यास चक्रवातका कारण जिल्लाको तल्लो भागमा धेरै पानी परेपछि अहिले बस्ती नै जोखिममा परेको जिल्ला प्रशासन कार्यालय मनाङले जनाएको छ । प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेका अनुसार जोखिममा परेको घरपरिवारलाई स्थानान्तरण गरिएको छ । 'लामो समयसम्म लगातार परेको पानीले खोला बढेको छ, जोखिमयुक्त घरपरिवारलाई छिमेकी वडामा स्थानान्तरण गरेका छौं', लामिछानेले भन्नुभयो, 'सशस्त्र प्रहरी बल, नेपाल प्रहरीलगायतका सुरक्षा निकाय उद्धारमा खटिरहनुभएको छ, बस्तीका मानिसलाई भने सुरक्षित स्थानमा व्यवस्थापन गरिरहेका छौं ।'

चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्र घलेले भन्नुभयो, 'निरन्तरको वर्षाले गर्दा क्षति पुगेका क्षेत्रमा अनुगमनमा गएको थिएँ, आफ्नै झण्डै बाढीले बगाएन, घरपरिवारले समयमै थाहा पाएर भागेछन् ।' 'कोभिडका समयमा संक्रमितको व्यवस्थापन र लगातारको वर्षाले क्षति पुगेको ठाउँ अवलोकन तथा अनुगमनमा निस्कँदा यता आफैँ जोखिममा परिएछ,' घलेले भन्नुभयो ।

# होटेल ...

"पर्यटन व्यवसायमध्येको होटेल उद्योगमा साना, मझौला तथा ठूला गरी लगानी भएको खरबौं रकम, होटेल क्षेत्रमा आश्रित हजारौं श्रमिक र परिवारका साथै पर्यटन तथा होटेल उद्योगबाट निर्भर अन्य उद्योग व्यवसायहरूको भविष्य दुई वर्षदेखि अनिश्चित बन्दै गएको छ", विज्ञप्तिमा भनिएको छ । आगामी २०७८/७९ को नीति तथा कार्यक्रममा होटेल तथा पर्यटन क्षेत्रलाई संरक्षण दिने कार्यक्रम ल्याउन नसकेमा उद्योग व्यवसाय पलायन, विस्थापित वा बन्दमात्र हैन उद्यमशीलता र यसमा निर्भर प्रत्यक्ष तथा परोक्ष श्रमिकको रोजगार अन्य सहायक ठूला तथा साना उद्योग व्यवसाय, स्थानीय प्रदेश तथा सङ्घको राज्य कोषमा आर्थिक योगदानमा ह्रास मात्र हैन स्वयं बैंक तथा वित्तीय संस्थालाई सङ्कटको स्थिति उत्पन्न हुन सक्ने औँल्याइएको छ । मजदूरका लागि होटेलका तर्फबाट गरिनुपर्ने सामाजिक सुरक्षाको सम्पूर्ण रकम सरकारले व्यहोर्न, भाडामा बस्ने होटेललाई लेखा परीक्षण प्रतिवेदनका आधारमा सहुलियत ऋण प्रदान गर्न र होटेलले चुक्ता गर्नुपर्ने साँवा र ब्याजका लागि बैंकले बारम्बार ताकेता नगर्ने व्यवस्थाका लागिसमेत सङ्घले आग्रह गरेको छ । यसैगरी सङ्घले यथाशीघ्र कोभिडविरुद्धको खोप सबै नेपाली नागरिकलाई उपलब्ध गराउन सरकारसँग माग पनि गरेको छ ।

# उत्पादकको

वटा स्थानीय तहमा वाणिज्य बैंकका शाखा खुल्न बाँकी रहेको छ ।

चालु आवको फागुन महिनासम्म बैंक तथा वित्तीय संस्थाको निक्षेप ११ प्रतिशतले वृद्धि भई रु ४२ खर्ब ६० अर्ब ४७ करोड र कर्जा प्रवाह १७.५ प्रतिशतले वृद्धि भई रु ३८ खर्ब ४६ अर्ब ३१ करोड पुगेको अर्थमन्त्रालयले जनाएको छ । कोभिड-१९ का कारण सिर्जित प्रतिकूलता तथा नकारात्मक प्रभावबाट अर्थतन्त्र तथा आर्थिक क्षेत्रमा परेको प्रभाव न्यूनीकरण गर्न सरकारले कार्यान्वयन गरेका नीतिको कार्यान्वयन भइरहेको जानकारी दिँदै मन्त्रालयले महामारी प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्योग क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि मात्रै रु २० करोड ८८ लाख प्रवाह गरिएको जनाएको छ । महामारीमा पनि आर्थिक गतिविधि चलायमान बनाउन कर्जा भुक्तानी अवधिको म्याद थप, कर्जा पुनर्संरचना र पुनर्तालिकीकरणको व्यवस्था गरिएको छ । ऋणीहरूलाई चालु पुँजी कर्जाको अधिकतम २० प्रतिशतसम्म र आवधिक कर्जाको अधिकतम १० प्रतिशतसम्म थप कर्जा प्रवाह गर्न सकिने व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ ।

# पोखरा महानगरपालिका पूर्ण असफल – ११ वडाका अध्यक्ष

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ जेठ**

पोखरा महानगरपालिका पूर्ण रुपमा असफल भएको ११ वटा वडाका अध्यक्षको ठहर छ ।

नेपाली काँग्रेसबाट निर्वाचित ११ वटा वडाका अध्यक्षले विगत चार वर्षको समीक्षा गर्दै पोखरा महानगरपालिकाले काम नगर्न नसकेको निष्कर्षसहित असफल भएको ठहर गरेका हुन् ।

आफूहरुले सपथ खाएर कार्यभार सम्हालेको पाँचौ वर्ष प्रवेशको अवसरमा निकालिएको विज्ञप्तिमा महानगरपालिकाले गर्नुपर्ने काम नगरेको तर गर्नै नहुने काम गरेको ठहर गरेको छ । ११ वटा वडाका अध्यक्षहरू वडा नं. २, ३,४, ६,९, १०, ११, १२, २३, २७ र ३२ का तर्फबाट दलको नेता तथा सचेतक रामराज लामिछानेले शुक्रबार प्रकाशित गरेको विज्ञप्तिमा त्यस्तो ठहर गरिएको छ । आमनागरिकबाट जुन आशा एवं भरोसा थियो, त्यो पूरा हुन सकेन जसका कारण आम पोखरावासी निराश भएको विज्ञप्तिमा उल्लेख छ । विगतका तीन वर्षमा गौरवमय योजनाहरू भनेर उल्लेख गरिएका योजना एउटा पनि कार्यान्वयन हुन नसक्नु दुःखद् विषय भएको जनाइएको छ । सेती गर्गेज, डेभिजफल्स लगायत पोखराका राष्ट्रिय सम्पदाहरूलाई सार्वजनिक निजी साझेदारीको नाममा ४० औं वर्षको लागि निजी क्षेत्रलाई दिने प्रक्रिया अगाडि बढाइएकोप्रति आपत्ती जनाएको छ । १३ करोड राजश्व मिलोमतोमा हिनामिना भएको, राजश्व महाशाखाबाट ठूला करदातासँग मिलेमतोमा कम राजश्व लिइएको, ठेक्का योजनाहरूको भुक्तानीमा भेरियसन आदेश गरि करोडौं रकम गैर बजेटिङ्ग खर्च गर्ने गरिएको, बिना टेण्डर महानगरको राजश्व गुम्ने गरि आफ्ना मान्छेहरूलाई सम्झौता गरिएको विज्ञप्तिमा उल्लेख छ । गतवर्षको लकडाउनका बेला राहत स्वरूप प्राप्त सहयोग पारदर्शी नगरिएको, पोखरा-९ स्थित पृथ्वीचोक बसपार्क निर्माणका लागि बुझाइएको प्रतिवेदन कार्यान्वयन नगरिएको, पोखरामा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र बन्न नदिएको, महानगरपालिकाले पार्किङ व्यवस्थापन गर्न नसकि मूल सडकहरुमा महंगो शुल्क लिएर पार्किङ गरिएको, तत्कालीन चुनावको समयमा संघीय सरकारले फिर्के खोलाका लागि तोकेको १० मिटर मापदण्डलाई एक मिटरमा ल्याउने प्रयास गरेकोप्रति गम्भिर ध्यानाकर्षण भएको उल्लेख छ ।

त्यस्तै, स्थानीय तहका कर्मचारीको व्यवस्थापन गर्न नसकेको, फोहोरमैला व्यवस्थापन गर्न नसकेको, छाडा चौपायाको व्यवस्थापन नगरिएको, करको दायरा बढाउनेतर्फ ध्यान नदिइ करको दर बढाइएको र महानगरपालिकाले आफ्नै कार्यालय भवन पनि बनाउन नसकेको उल्लेख छ । सचेतक लामिछानेले आगामी बजेट कोभिड उपचारमा केन्द्रीत गर्न माग गर्नुभएको छ । अबको बजेट मजदुरी गर्नेको हितमा र कोभिडबाट बढी प्रभावित क्षेत्र उद्योग, व्यवसाय, कृषि र पर्यटनलाई राहत दिने खालको हुनुपर्ने उहाँको भनाइ छ ।

# गण्डकीका ८०८ संक्रमित थपिए, ३० को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ जेठ**

पछिल्लो २४ घण्टामा कास्की जिल्लामा थप २०९ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

कास्कीमा ११८ जना पुरुष तथा ९१ जना महिला गरी २०९ जनामा कोरोना भाइरस देखिएको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ । पछिल्लो २४ घण्टामा प्रदेशमा १ हजार ४९० जनाको नमुना परीक्षण गरिएकोमा थप ८०८ जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ ।

कास्कीका २०९ सहित म्याग्दीका १२ जना, स्याङ्जाका ५१ जना, बाग्लुङका १३२ जना, पर्वतका १३३ जना, तनहुँका ५४ जना, गोरखाका ७७ जना, लमजुङका ४ जना, नवलपुरका १३४ जना मनाङका १ जना र मुस्ताङका १ जनामा गरी प्रदेशका सबै ११ जिल्लामा ४५० पुरुष तथा ३५८ जना महिलामा कोरोना पुष्टि भएको हो । योसँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको कुल संख्या ४० हजार ४९५ पुगेको छ। पछिल्लो २४ घण्टामा ७७० जना निको भएसँगै प्रदेशमा संक्रमणमुक्त हुनेको संख्या २८ हजार ५९६ पुगेको छ । पछिल्लो २४ घण्टामा गण्डकीमा थप ३० जनाको कोरोना संक्रमणका कारण मृत्यु भएको छ । हालसम्म कोरोना संक्रमणका कारण प्रदेशभर ज्यान गुमाउनेको संख्या ६२४ पुगेको छ ।

मृतकहरु कास्की जिल्लाका ९ जना, तनहुँ जिल्लाका ६ जना, स्याङजा जिल्लाका ३ जना, नवलपुर जिल्लाका १ जना, पर्वत जिल्लाका २ जना, मुस्ताङ जिल्लाका २ जना, बाग्लुङ जिल्लाका १, गोरखा जिल्लाका ३ जना, दाङका २ जना र बाराका १ जना रहेको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ । गए राति पोखराको स्वास्थ्य विज्ञान प्रतिष्ठानको कोभिड-१९ वार्डमा उपचाररत एक सुत्केरी महिलासहित ६ जनाको अक्सिजन अभावका कारण ज्यान गएको हो । हाइफ्लो अक्सिजन दिएर अस्पतालमा उपचार गराइरहेका प्रदेशका विभिन्न जिल्लाका बिरामीले समयमा अक्सिजन नपाउँदा ज्यान गुमाउनुपरेको हो । अस्पतालमा आवश्यकता अनुरूप अक्सिजनको आपूर्ति नहुँदा बिरामीहरूले ज्यान गुमाउनुपरेको प्रतिष्ठानका निर्देशक डा. भरत खत्रीले स्वीकार गरेका छन् ।

# कालीगण्डकी तटीय क्षेत्रका बासिन्दालाई सतर्क रहन आग्रह

**पोखरापत्र संवाददाता**
**पर्वत, १४ जेठ**


जिल्ला प्रशासन कार्यालयले जारी वर्षाका कारण बाढीपहिराको जोखिम रहेकाले सुरक्षित रहन नागरिकलाई अनुरोध गरेको छ ।

कालीगण्डकी नदीमा बिहीबादेखि नै बहाब बढ्दै गएकाले तटी क्षेत्रका नागरिकलाई सतर्क रहन आग्रह गरिएको हो । जलजला गाउँपालिकाको वारीबेनी, बगरफाँट, मिलनचोक, लस्ती, खनियाघाट, कुश्मा नगरपालिकाको मालढुंगा, मोदीवेणी, दक्षिण पर्वतको विहादी गाउँपालिकास्थित सेतीवेणी, फलेबासको जैमिनीघाटलगायत क्षेत्रका बस्ती उच्च जोखिममा छन् ।

पश्चिम बंगाल खाडीमा विकसित जलवायुको प्रभाव र 'यास' चक्रवातका कारण नेपालमा समेत भित्रिएको मौसम बदलीका कारण सबैलाई सतर्क रहन अनुरोध गरिएको सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्मा सुवेदीले बताउनुभयो ।


रोगको समयमा उपचार गर्नुपर्दछ । उपचारका लागि धामी झाक्री कहाँ होइन स्वास्थ्यकर्मी एवं स्वास्थ्य संस्थामा जाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।
महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# प्रदेश सरकारका लगानीको ८९ योजना निर्माणाधीन

– जनक श्रेष्ठ

लमजुङ, १४ जेठ (रासस)

जिल्लामा प्रदेश सरकारको लगानीका ८९ वटा विभिन्न योजना निर्माणाधिन छन् । निषेधाज्ञा र कोरोना सङ्क्रमणबीच समेत यी योजनाको काम धमाधम भइरहेको पूर्वाधार विकास कार्यालय लमजुङले जनाएको छ । कार्यालयका प्रमुख इञ्जीनियर सुमन गिरीका अनुसार जिल्लामा निषेधाज्ञाको अवधिमा समेत विकास निर्माणका काम तीव्रताका साथ अघि बढिरहेको छ।

साना योजनाका लागि आवश्यक पर्ने केही निर्माण सामग्री बाहिरबाट ल्याउनुपर्ने भएकाले आंशिक साना-साना केही योजना प्रभावित भए पनि ठूलाठूला योजनाको काम धमाधम भइरहेको उहाँको भनाइ छ । कार्यालयका अनुसार प्रदेश सरकारको लगानीमा यस कार्यालयमार्फत करिब १०० योजनामध्ये ८९ वटा योजनामा काम भइरहेको छ । ठूला योजना निर्माण क्षेत्रमै कामदार राखेर र आवश्यक निर्माण सामग्रीसमेत पर्याप्त रहेकाले यी योजनामा काम गर्न कुनै समस्या नभएको पूर्वधार विकास कार्यालयले जनाएको छ।

स्वास्थ्य मापदण्डलाई ध्यानमा राखेर सोहीअनुसार बहुवर्षे योजनाको काम तीव्रगतिमा काम भइरहेको कार्यालय प्रमुख इञ्जीनियर गिरीले बताउनुभयो । ती योजनामध्ये एक निर्वाचन क्षेत्र सकडअन्तर्गत दुईवटा सडकको काम भइरहेको छ। प्रादेशिक सडक 'क' अन्तर्गत दुईवटा सडकको काम भइरहेको छ। प्रादेशिक सडक 'ख' अन्तर्गत आठवटा सडक, स्थानीय तह जोड्ने दुईवटा सडक धमाधम निर्माण भइरहेको छ । त्यस्तै ११ वटा झोलुङ्गे पुल निर्माणाधीन रहेको उक्त कार्यालयले जनाएको छ। कार्यालयका अनुसार १० वटा सडक पुल, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमअन्तर्गत 'क' मा २५ र 'ख' मा २२ वटा योजनाको काम भइरहेको छ।

त्यस्तै ११ वटा भवन निर्माण भइरहेको छ । कार्यालय प्रमुख गिरीले भन्नुभयो, "कार्यालयबाट केही बहुवर्षे, कुनै केही वर्षमा र कुनै एक वर्षमै सकिने योजना छन् । यीमध्ये केही योजना निर्माण कम्पनीमार्फत र केही उपभोक्ता समितिमार्फत काम भइरहेको छ ।" उहाँका अनुसार यस चालु आर्थिक वर्ष २०७७/७८ को दोस्रो चौमासिकसम्म कार्यालयको वित्तीय प्रगति ४७ प्रतिशत भएको छ।

त्यस्तै रु ८४ करोड ७८ लाख ९६ हजार विनियोजित बजेटमा रु ४० करोड एक लाख एक हजार खर्च भएको उक्त कार्यालयले जनाएको छ । पूँजीगत बजेटको ४७ प्रतिशत वित्तीय प्रगति भएको छ भने चालुतर्फ ३५ प्रतिशत प्रगति बताइएको छ । त्यस्तै पूँजीगततर्फ रु ८३ करोड २६ लाख ७९ हजार बजेट विनियोजन भएकामा रु ३९ करोड ४८ लाख २५ हजार बजेट खर्च भएको छ । चालुतर्फ रु एक करोड ५२ लाख १७ हजार बजेट विनियोजन भएकामा रु ५३ लाख तीन हजार बजेट खर्च भएको कार्यालय प्रमुख गिरीको भनाइ छ।

कार्यालय प्रमुख गिरीले भन्नुभयो, "विकास निर्माणका कार्य धमाधम भइरहेको छ । सरकारले सामग्री ढुवानी गर्ने वातावरण बनाएमा निर्माण रोकिने छैन।" तर, निर्माण सामग्री ढुवानीमा समस्या भने केही समयपछि प्रभावित हुनसक्नेसमेत उहाँको भनाइ छ।

यहाँ अबदेखि हप्ताको दुई दिन आइतबार र बिहीबार दुई/दुई घण्टा मात्र बैंक खुल्ने भएको छ। जिल्लामा कोरोना सङ्क्रमणको जोखिम उच्च हुनुका साथै सङ्क्रमण फैलिन थालेको भन्दै आगामी बिहीबारदेखि लागू हुने भएको हो।

विश्व महामारीका रूपमा फैलिरहेको नयाँ भेरिएन्टसहितको कोभिड-१९ सङ्क्रमण हालका दिनमा तीव्ररूपमा फैलिरहेको अवस्थालाई गम्भीरतापूर्वक लिँदै लमजुङमा हुनसक्ने सङ्क्रमणलाई रोक्न जिल्लामा दुई दिन आइतबार र बिहीबार दुई/दुई घण्टामात्रै बैंक खोल्न पाउने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी होमप्रसाद लुइँटेलले बताउनुभयो।

हालसम्म ५६७ कोरोना सङ्क्रमित रहेका छन् । त्यस्तै आठ जनाको मृत्यु भइसकेको बताइएको छ । निषेधाज्ञामा अनावश्यक हिँड्डुल गर्नेलाई यही सोमबारदेखि प्रहरीले नियत्रन्त्रमा लिँदै पहिलोपटक सम्झाइबुझाइ छाडिदिने गरेको प्रजिअ शर्माले बताउनुभयो।

# अवकाशपछि उद्यममा कृष्ण सुवेदार

पोखरापत्र संवाददाता

गलकोट, १४ जेठ

जागिरपछि आराम गर्ने, धर्म कर्म र समाज सेवामा लाग्ने धेरैको मनशाय हुन्छ। तर, जिल्लाको बागलुङ नगरपालिका-८ सिगानाका सुबेदार कृष्ण खड्का जागिरबाट अवकाशपछि गाउँमै व्यावसायिक उत्पादनमा सक्रिय हुनुहुन्छ। नेपाली सेनामा १८ वर्ष कार्यरत खड्का सुबेदार पदबाट अवकाश पछि बहराइन पुग्नुभयो । तर त्यहाँबाट फर्केर स्वदेशमै व्यवसाय थाल्नुभयो।

सडक छेउकै दुई रोपनी जग्गामा खड्काको कुखुरापालन, माछापालन, तरकारी खेती, सिमाना खाजा तथा किराना पसलका साथै सिमाना फ्रेस हाउस छ । २०५२ सालमा नेपाली सेनामा भर्ति हुनुभएका खड्का अवकासपछि विदेशी मोहले तानेर बहराइन पुग्नुभयो। बहराइनमा पुगेपछि जागिर तथा विदेश भन्दा स्वदेशमै गएर उद्यम गर्छु भन्ने सोचेले झण्डै एक लाख ६० हजार तलबको जागिर एक वर्षमै छोडेर सिगाना फर्किएको उहाँको भनाइ छ । दुई वर्ष अघि सिगानामा परीक्षणका लागि खाजा घर, किराना पसल, कुखुरापालन तथा माछापालन शुरु गर्नुभयो।

गाउँमै उद्यमशीलतामा रमाउने उदेश्यका साथ खड्का पोल्टी फर्म दर्ता गरेर व्यावसायिक ब्रोइलर कुखुरापालन उहाँले गर्दै आउनुभएको छ। उहाँले स्थानीय जातका कुखुरा समेत पाल्नुभएको छ। "अवकासपछि गाउँमा राजनीति गर्ने सोच राखेको थिए, तर गाउँमा राजनैतिक चेतनाको कमी देखे, अनि आफ्नै जग्गामा बहुउदेश्यीय सोच राखेर कुखुरापालन देखि बिक्री सम्मको सबै काम गर्दै आएको छु", खड्काले भन्नुभयो, "मासिक ४०/५० हजार कमाउन सजिलै सकिँदो रहेछ, परीक्षणका लागि पालेका कुखुराबाट राम्रो आम्दानी भयो, अब कुखुरापालन विस्तारको योजनामा छु।" खड्काको फर्ममा अहिले ४ सय ५० ब्रोइलर कुखुरा, सानो पोखरीमा ४ सय ५० माछा, ५० लोकल कुखुरा छ । तरकारी खपत समेत आफ्नै पसलबाट हुन्छ।

"विदेशमा आफ्नो देश जस्तो हुँदो रहेनछ, त्यसैले गाउँ फर्केर उद्यमशीलता रोजे, अहिले कुटानी पिसानी मिल समेत चलाउँदै आएको छु", उहाँले भन्नुभयो, "लगानी थप्दै गएर पाँच रोपनीमा फर्म विस्तार गर्ने योजना छ।" उत्पादन गरेको मासु, तरकारी तथा अण्डा आफ्नै पसलबाट खपत हुने गरेकाले बजार पठाउनु पर्ने झण्झट नरहेको खड्का बताउँनुहुन्छ।

उहाँले एक जनालाई नियमित रोजगारी र अन्य काममा आवश्यकता अनुसार ज्यालामा काम गराउँदै आउनुभएको छ। अब एक हजार ब्रोइलर कुखुरा पाल्ने योजना उहाँको छ। कृषिमा विचौलियाको अन्त्य गर्न आफ्नो उत्पादन आफै उपभोक्ता सम्म पुऱ्याउनुपर्ने उहाँको धारणा छ। उहाँले कुखुरा, माछा, पसल तथा कुटानी पिसानी सबै उद्यमशीलतामा रु. १५ लाख लगानी गरेको बताउनुभयो।

# खाम्लामा नमूना कृषि गाउँ कार्यक्रम

पोखरापत्र संवाददाता

म्याग्दी, १४ जेठ

विकट क्षेत्रमा पर्ने धवलागिरि गाउँपालिका-४ खिवाङ र खाम्लामा मुख्यमैत्री जलवायु मैत्री नमूना कृषि गाउँ कार्यक्रम लागू गरिएको छ।

गण्डकी प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले खिबाङ खाम्ला कृषि तथा पशुपन्छी सहकारी संस्था लिमिटेडमार्फत कार्यक्रम कार्यान्वयन शुरु गरेको हो।

चालु आवमा रु ४० लाख विनियोजन गरिएको कार्यक्रम कोरोनाको जोखिम र निषेधाज्ञाको असहज अवस्थाका बाबजुद पनि धमाधम कार्यान्वयन भइरहेको कार्यक्रमका कृषि प्राविधिक सगुन कटुवालले जानकारी दिनुभयो।

"प्रदेश सरकारको ८५ र सहकारीको १५ प्रतिशत लागत साझेदारीमा कार्यक्रम सञ्चालन भएको छ", उहाँले भन्नुभयो, "सहकारीमार्फत फलफूल र तरकारी खेती विस्तार गर्न लागिएको छ।" विषादी र रासायनिक मलको प्रयोग विना जैविक प्रविधिको प्रयोग गरेर खेती गरी वातावरण संरक्षण तथा कृषकको आयआर्जन सुधार गर्ने उद्देश्यले प्रदेश सरकारले सबै स्थानीय तहमा यो कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाले खिवाङ र खाम्लालाई सिफारिस गरेको थियो। सहकारीअन्तर्गत ५५ घरधुरी कृषक कार्यक्रममा आबद्ध भएका छन् । कार्यक्रममार्फत कृषि औजार, सामग्री, बिरुवा, बीउ वितरण, सिँचाइ पोखरी निर्माण, तालीम सञ्चालन गरिने सहकारीका अध्यक्ष रामबहादुर कामीले बताउनुभयो।

सिँचाइका लागि एक ठूलो र दुई साना पोखरी निर्माण भइरहेका छन् । बीस पलास्टिक घर निर्माण गर्ने, २० थोपा सिँचाई सेट तथा गोलभेँडा, खुर्सानी, काउली, बन्दा आदि जातका तरकारीका बीउ र छ मिनिटेलर हलो वितरण गर्ने कार्यक्रम छ। तीन हजार सुन्तला, दुई हजार ५०० कागतीका बिरुवा वितरण गर्ने र ३५५ खाडल खन्न अनुदान उपलब्ध गराइने भएको छ। तरकारी र फलफूल खेतीसम्बन्धी तीन/तीन दिनको तालीम प्रदान गरिएको छ।

खाम्ला र खिवाङ धौलागिरि हिमालको आधार शिविर जाने पदमार्गमा पर्छ। यहाँ तरकारी उत्पादन भएपछि स्थानीयवासीले दैनिकरूपमा स्वच्छ र ताजा तरकारी उपभोग गर्न पाउने मात्र नभई नजिकैको बजार तथा पदयात्रा र आरोहणमा आउनेलाई बिक्री गर्न सक्छन्। भौगोलिक रूपमा दुर्गम क्षेत्रमा पर्ने हालसम्म सडक सुविधा नपुगेको खिवाङ र खाम्लामा नमूना कृषि कार्यक्रम लागू भएकामा स्थानीयवासी उत्साहित भएका छन् । प्रदेश सरकारले बेनीको सिङ्गा सुर्केमेला, बास्कुना, मङ्गलाको कोत्रवाङ, सिम, तोराखेत, सातबिसे, पोक, मालिकाको बिम, रघुगङ्गाको भगवती घट्टटोल र अन्नपूर्णको भुरुङ्ग-तातोपानीमा मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँ कार्यक्रम सञ्चालन गरेको छ।

# अस्पतालमा तोडफोड र स्वास्थ्यकर्मीमाथि आक्रमण गर्नेलाई कारवाही हुन्छ : गृहमन्त्रालय

रासस

काठमाडौं, १४ जेठ

गृहमन्त्रालयले स्वास्थ्य संस्थामा तोडफोड गर्ने र स्वास्थ्यकर्मीलाई कुटपिट तथा आक्रमण गर्नेलाई कानुनी कारवाही हुने जनाएको छ।

कोभिड-१९ सङ्क्रमण महामारीका बीच संवेदनशिलताका साथ काममा खटिएका स्वास्थ्यकर्मीमाथि भएको आक्रमण र तोडफोड आफैँमा गैरकानूनी र गैरजिम्मेवारपूर्ण कार्य भएको उल्लेख गर्दै मन्त्रालयले यस्ता कार्यमा संलग्न जो कोहीलाई तत्काल नियन्त्रणमा लिइ कानूनी कारवाही गर्ने कुरामा दृढ रहेको जनाएको छ। मन्त्रालयले आज एक विज्ञप्ति जारी गरी देशका विभिन्न अस्पतालमा उपचारमा संलग्न स्वास्थ्यकर्मीलाई बिरामीका आफन्तबाट दुर्व्यवहार, अस्पताल भित्र तोडफोड र स्वास्थ्यकर्मीमाथि अनावश्यक दवाव आएको जानकारी प्राप्त भएकाले बिरामीको मृत्युको विषयलाई लिएर भएका यस्ता गतिविधिको निन्दा गरेको छ।

मन्त्रालयले साझा शत्रुको रूपमा रहेको कोरोनाका बिरामीको उपचार, सङ्क्रमण नियन्त्रण तथा रोकथामको कार्यलाई थप प्रभावकारी बनाउने कार्यमा स्वास्थ्यकर्मीबाट निर्वाह भएको भूमिका र योगदानको मुक्त कण्ठले प्रशंसा गरेको छ।

यही जेठ १३ गते राति भेरी अस्पतालको कोभिड वार्डमा उपचाररत बिरामीको मृत्युको घटनालाई लिएर उक्त वार्ड भित्रै छिरेर चिकित्सक र नर्समाथि भएको हातपात र भौतिक आक्रमणको सम्बन्धमा मन्त्रालयले गम्भिर ध्यानाकर्षण भएको जनाउँदै निन्दा गरेको छ । यस्ता कार्य निषेधित फौजदारी कसुरजन्य कार्य भएकाले त्यस्ता व्यक्तिलाई कानूनी कारवाही गर्दै स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको सुरक्षा राज्यले गर्ने विज्ञप्तिमा उल्लेख छ।

मन्त्रालयले उक्त घटनाको विषयमा छानविन गर्न बाँकेका सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सात सदस्यीय छानविन समिति गठन भइ छानविनको काम भइरहेको जनाएको छ । बाँकेलगायत सोलुखुम्बु, धनुषा, कास्की, तथा मोरङ जिल्लामा भएका यस्ता घटनामा सङ्लग्नउपर कानून बमोजिम कारवाही गरिसकिएको मन्त्रालयले जानकारी दिएको छ।

मन्त्रालयका प्रवक्ता जनकराज दाहालद्धारा जारी विज्ञप्तिमा भनिएको छ, "कोभिडका विबरामीको उपचारमा खटिने स्वास्थ्यकर्मी माथि हुने यस प्रकारका घटना रोक्न, दोषीलाई कानुन बमोजिम कारवाही गर्न, स्वास्थ्यकर्मीको सुरक्षामा विशेष ध्यान पुर्याउन तथा स्वास्थ्य संस्थामा भरपर्दो सुरक्षाको प्रत्याभूति दिलाउन सम्बन्धित जिल्ला प्रशासनलाई निर्देशन दिइसकेको छ ।" उपचारमा संलग्न स्वास्थ्यकर्मीको मनोबल बढाउने कुरामा मन्त्रालय गम्भिरताका साथ लागिरहेकाले स्वास्थ्यकर्मीलाई संयमित भएर उपचार कार्य जारी राख्न मन्त्रालयले अपिल गरेको छ।

# फेकोफनद्वारा २५ वर्षे गन्तव्यको मार्गचित्र तयार

रासस

काठमाडौं, १४ जेठ

सामुदायिक वन उपभोक्ता महासङ्घ, नेपाल (फेकोफन) ले आगामी २५ वर्षे गन्तव्यको मार्गचित्र तयार गरेको छ। विसं २०५२ साल जेठ १८ गते स्थापना भएको फेकोफनले विगत २५ वर्षका सिकाइलाई आधार मान्दै आगामी २५ वर्षका लागि महासङ्घको नयाँ गन्तव्यसहितको मार्गचित्र तयार गरेको जनाएको छ।

फेकोफनको २६औँ स्थापना दिवसका अवसरमा आज आयोजित पत्रकार सम्मलेनमा अध्यक्ष भारती पाठकले मार्गचित्रअन्तर्गत सामुदायिक वनमा उपभोक्ता समूहको अधिकार सुरक्षित गर्दै थप सशक्त बनाउन निरन्तर पैरवी अभियान सञ्चालन गर्ने र तथ्य प्रमाणमा आधारित पैरवी अभियानका लागि ज्ञान निर्माणमा सुदृढीकरण गर्ने जानकारी दिनुभयो।

त्यस्तै सबैखाले नागरिक तथा सामाजिक अभियानप्रति ऐक्यबद्धता गर्ने कार्यमा निरन्तरता दिने, वन तथा प्राकृतिक स्रोतसँग सम्बन्धित प्रशासनयन्त्रमा लोकतान्त्रिकरण स्थापित गराउनमा सहयोग गर्ने, सामुदायिक वनसम्बन्धी ज्ञानलाई सङ्गठित र सुदृढीकरणका लागि सामुदायिक वन स्रोत केन्द्रको सबलीकरण गर्ने मार्गचित्रमा उल्लेख छ । सामुदायिक वनबाट सिर्जना हुनसक्ने आर्थिक संभाव्यताको विस्तृतीकरण गर्ने, दिगो वन व्यवस्थापन पद्धतिको अभ्यास अपनाउन जोड दिने, वन तथा कृषिलाई एकीकृतरूपमा व्यवस्थापन गर्ने प्रणालीको प्रवर्द्धन गर्ने, आत्मनिर्भरता र दिगो विकासका सैद्धान्तिक अवधारणा अपनाउनेलगायत कार्यक्रम मार्गचित्रमा रहेको अध्यक्ष पाठकले जानकारी दिनुभयो। हाल देशभर रहेका २२ हजार ४१५ सामुदायिक वन उपभोक्ता समूहले २२ लाख ३७ हजार ६७० हेक्टर व्यवस्थापन गर्दै आएका छन् । त्यसमा २९ लाख सात हजार ८७१ घरधुरी संलग्न छन्।

फेकोफनले स्थापनाको २५ वर्षमा तराईका जिल्लाहरूमा रहेको सालको वनमा हुन लागेको विदेशी निजी कम्पनीहरूको हस्तक्षेप रोकी सामुदायिक वन अभियान सञ्चालन गरेको, सामुदायिक वनलाई स्थानीय समुदायको जीवनको अभिन्न अङ्गका रूपमा स्थापित गर्न सफल भएको जनाएको छ । त्यस्तै वनसम्बन्धी कानूनहरूमा सामुदायिक वन उपभोक्ता समूहको अधिकार सुनिश्चितताका लागि विभिन्न वकालतका कार्यहरू गरी सामुदायिक वन अधिकारको सुनिश्चितता गरेकोलगायतका उपलब्धि हासिल भएको उहाँले जानकारी दिनुभयो । फेकोफनले वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ खारेज गर्न र सामुदायिक वनको काठलगायतका वन पैदावारमा हुँदै आएको केन्द्रिकृत हस्तक्षेप कम गर्न सफल भएको, सामुदायिक वनका माध्यमबाट जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका साथै विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि सामुदायिक वनको आर्थिक तथा अन्य स्रोत साधन परिचालन गरिादै आएको जनाएको छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारिरीक झमेला | तुला | : ब्यापारमा लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : मानसिक तनाब | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मन चञ्चल |
| कन्या | : कार्यमा सफलता | मीन | : सहयोग मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# कालोपत्र सडक १५ हजार ९७४ किमी पुग्यो

रासस

काठमाडौं, १४ जेठ

रणनीतिक र स्थानीय गरी गत फागुन मसान्तसम्ममा १५ हजार ९७४ किमी कालोपत्रसहित गरी जम्मा सडकको लम्बाइ ३३ हजार ५२८ किमी पुगेको छ । सरकारले आज सार्वजनिक गरेको आर्थिक सर्वेक्षणमा ग्राभेल सडक आठ हजार ६२२ किमी र कच्ची सडक नौ हजार १९८ किमी पुगेको उल्लेख छ।

गत फागुनसम्ममा ५५० किमी कालोपत्र, ५०४ किमी ग्राभेल र २८४ किमी कच्ची सडक निर्माण भएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको तथ्याङ्क छ । आव २०७६/७७ सम्ममा कालोपत्र सडक १५ हजार ४२४ किमी थियो भने आव २०७५/७६ १४ हजार ६९५ किमी रहेको थियो। गत आवमा ७२९ किमी कालोपत्र, ७६३ किमी ग्राभेल र ३५६५ किमी कच्ची सडक निर्माण भएको थियो।

सडक विभागले गत फागुनसम्ममा देशभरमा गरी १२९ पुल निर्माण सम्पन्न गरेको छ। गत आवमा २१० पुल सम्पन्न भएको थियो । गत आवमा ३६० किमी सडक आवधिक मर्मत भएकामा चालु आवमा फागुनसम्ममा १८७ किमी कालोपत्र सम्पन्न भएको छ।

चालु आवको फागुनसम्ममा प्रादेशिक र स्थानीयस्तरबाट निर्माण भएको जम्मा सडकको लम्बाइ ६३ हजार ५७७ किमी पुगेको छ। कालोपत्र सडक चार हजार २७४ किमी, ग्राभेल १३ हजार ३९७ किमी र कच्ची सडक ४५ हजार ९०६ किमी रहेको छ । वाग्मती प्रदेशमा सबैभन्दा बढी २४ दशमलव सात प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा पाँच दशमलव एक प्रतिशत सडक निर्माण भएको छ। वाग्मती र प्रदेश नं २ मा सडकको घनत्व सबैभन्दा बढी छ भने कणार्ली प्रदेशमा सबैभन्दा कम छ।

प्रादेशिक र स्थानीय तहमा निर्माण भएका सडकमध्ये कालोपत्र सडक सात प्रतिशत, ग्राभेल २१ प्रतिशत र कच्ची सडकको अंश ७२ प्रतिशत छ । प्रादेशिक र स्थानीयस्तरबाट निर्माण भएका सडकमा पहाडी क्षेत्रमा सबैभन्दा बढी र हिमाली क्षेत्रमा कम सडक निर्माण भएको पाइएको छ । गत फागुनसम्ममा नै प्रदेश र स्थानीय सडक सञ्जालमध्ये हिमाली क्षेत्रमा १६ प्रतिशत, पहाडमा ५५ प्रतिशत र तराईमा २९ प्रतिशत रहेको छ । निर्माण भएका सडकमध्ये प्रदेश र स्थानीय तहमा रहेका सडकको अंश झण्डै बराबर छ। हालसम्म हिमालमा सडकको लम्बाइ १० हजार ५६ किमी, पहाडमा ३५ हजार १७ किमी र तराईमा १८ हजार ५०५ किमी पुगेको छ। प्रादेशिक सडकको लम्बाइ ३१ हजार ९६६ किमी र स्थानीय सडकको लम्बाइ ३१ हजार ६१२ किमी पुगेको छ । लुम्बिनी प्रदेशमा स्थानीय सडकभन्दा प्रादेशिक सडकको अंश बढी छ भने वाग्मती प्रदेशमा प्रादेशिकभन्दा स्थानीय सडकको अंश बढी छ । विगतमा जिल्ला सडकका रूपमा रहेका सडक पनि प्रादेशिक सडकका रूपमा गणनाा गरिएको छ।

सरकारले स्थानीय तहको प्रशासनिक केन्द्र, जिल्ला सदरमुकाम र प्रदेश राजधानीलाई राष्ट्रिय राजमार्गसँग जोडेर बाह्रै महिना चल्ने गरी रूपान्तरणकारी आयोजना सञ्चालन गरेको छ। प्रादेशिक तथा स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रममार्फत आयोजना अघि बढाइएको हो।

राष्ट्रिय गौरवका आयोजनामध्ये मध्यपहाडी (पुष्पलाल) राजमार्गमा चालु आवमा ५६ किमी सडक कालोपत्र भएको छ। आयोजनामा एक हजार ८७९ किमी सडक निर्माण गर्नुपर्नेमा ९७० किमी सडक कालोपत्र भएको छ। सो राजमार्गमा १२९ पुल निर्माण गर्नुपर्नेमा ८४ सम्पन्न भएको छ । हुलाकी राजमार्गमा चालु आवमा थप १४६ किमीसहित जम्मा ६५८ किमी सडक कालोपत्र सम्पन्न भएको छ । आयोजनामा फागुनसम्ममा थप चारसहित ९९ पुल सम्पन्न भइसकेको छ।

गत फागुनसम्ममा नै उत्तर-दक्षिण करिडोरअन्तर्गत कालीगण्डकी करिडोरमा गैँडाकोट-राम्दी-मालढुङ्गा खण्डमा १५ किमी सडक कालोपत्र सम्पन्न भएको छ। बेनी-जोमसोम-कोरला खण्डमा चालु आवमा ३७ दशमलव पाँच किमी ग्राभेल सम्पन्न भएको छ। कर्णाली करिडोरमा हिल्सा-सिमकोट-सलीसल्ला र खुलालु-सलिसल्ला गरी दुवै खण्डमा पाँच दशमलव तीन किमी सडक ट्र्याकको निर्माण भएको छ । कोशी करिडोरमा दुई किमी सडक चौडा गरिएको छ भने १० दशमलव पाँच किमी सडकको सर्भे गरिएको छ।

तराई/मधेशको सदरमुकामलाई भारतीय सीमासम्म जोड्ने सडकमध्ये रानी-विराटनगर-इटहरी नौ किमी, जटही-जनकपुर-ढल्केबर दुई दशमलव सात किमी, वीरगञ्ज-पथलैया खण्डमा सात दशमलव ७५ किमी, बेहलिया-बुटवल खण्ड शून्य दशमलव ३५ किमी र मोहना-अतरिया छ दशमलव ९२ किमी सम्पन्न भएको छ। त्यस्तै झापाको शान्तिनगरदेखि डढेलुधराको रुपालसम्मको मदन भण्डारी राजमार्गमा ३८ किमी सडक कालोपत्र भएको छ।

